ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY




पृष्ठ २ मा

❑ वर्ष-११ ❑ अङ्क-१९, २०७६ असोज ४ गते, शनिबार (Sept. 21, 2019 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या: ६

# संविधान दिवस भव्य




फत्तेपुर / पाँचौ संविधान दिवस सप्तरीको सप्तकोसी नगरपालिकामा धुमधामसँग नाचेर मनाइएको छ । २०७२ असोज ३ गते संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएको दिनलाई सम्झदैं मनाइएको हो ।

उक्त दिनलाई संविधान दिवसको रुपमा राष्ट्रव्यापी मनाइन्छ । सोही क्रममा शुक्रबार बिहान सप्तकोसी नगरपालिकामा प्रभात फेरीको आयोजना भएको थियो । सप्तकोसी नगरपालिकाको आयोजनामा विभिन्न संघसंस्था, सरकारी निकाय, विद्यालय, खेलाडी, नेपाल प्रहरी, सशस्त्र प्रहरी विभिन्न जनजातिहरुको झाकी समेत निकालिएको थियो । नगरपालिका परिसरबाट शुरु भएको प्रभात फेरि नगर परिक्रमा गरि फत्तेपुरको लोकतान्त्रिक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोण सभामा सम्बोधन गर्दै नगर प्रमुख उत्तमकुमारगौतमले चाहेको संविधान जारी भएको धारणा राख्दै सबैले कार्यान्वयन गर्नुपर्ने बताए । 'जनताको संविधान हो, सबैले अपनत्व ग्रहण गर्दै कार्यान्वयन गर्नुपर्छ,-उनले भने । यस्तै, उनले घरघरमा राष्ट्रिय झण्डा राख्न र दिपावली गर्न पनि आग्रह गरे।

यता संविधान दिवसको अवसरमा सप्तकोसी नगरपालिकामा विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिएको छ । प्रत्येक बर्ष संविधान दिवसको उपलक्ष्य आयोजना गरिने नगर स्तरीय ब्याडमिन्टन प्रतियोगिता असोज १ गते देखि शुरु भै शुक्रबार समापन गरिएको थियो । सोही अवसरमा विजेता खेलाडीहरुलाई मेयर उत्तमकुमार गौतमले पुरस्कार बितरण गरे । सोही अवसरमा ४ गते बिद्यालय स्तरीय हाजिरी जबाफ प्रतियोगिता ,नगर स्तरीय म्युजिकल चियर प्रतियोगिता र राजनैतिक दल र कर्मचारी बिचको फुटबल प्रतियोगिता समेत राखिएको छ ।

# कृषकको मलमा झोले सहकारी संचालकको रजाई

**खगेन्द्र कार्की**

फत्तेपुर / सप्तरीको सप्तकोसी नगरपालिकामा रासायनिक मलको अभाव भएको छ । स्थानीय सरकार आयो तर, पनि वर्षौंदेखि किसानले भोग्दै आएका रासायनिक मल अभावको समस्या ज्यूँका त्यूँ भएको कृषकले गुनासो गर्दैं आएका छन् ।

धान रोपाइँ सुरु भएदेखि नै सुरु भएको मलको अभाव अझै सहज भएको छैन । सहकारी तथा डिलरमार्फत आवश्यकता अनुसार मल नपाएपछि अन्यत्रबाट महँगो दरमा किन्नु परेको सप्तकोसी नगरपालिका वडा न ४ का कृषक अनिल राई बताए । स्थानीय तहका सहकारीमा मल नपाएपछि सदरमुकामसम्म धाउँदा समेत नपाएको उनले गुनासो गरे ।

अस्तित्वमै नरहेका झोले सहकारीहरूले कृषि सामग्री केन्द्र मार्फत मल खरिद गरेर किसानलाई नदिई व्यापारीलाई बिक्री गर्दा आफूहरू समस्यामा परेको किसानहरू आरोप छ ।

यस्तै झोले सहकारीका कारण सप्तरीमा रासायनिक मलको कालोबजारी बढेको स्थानीय सहकारी संचालकहरु नै बताउछ्न । २ हजार १ सय ८८ रुपैयाँमा पाउने सरकारी अनुदानको डिएपी मल बोरामै १ हजारदेखि १ हजार ५ सयसम्म थप मूल्य तिरेर किन्नु परिरहेको

बाँकी अन्तिम पृष्ठमा



"लैङ्गिक तथा बालबालिका माथि हुने सबै प्रकारका हिसा नलुकाउः हिंसाबारे बोलौं समाजमा खोलौं ।"
"लैङ्गिक हिंसा मुक्त समाजः निर्माण गरौं सभ्य समाज ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः
यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## कृषकको . . .

किसानहरूको भनाइ छ ।

'हुन त यो समस्या पुरानै हो । तर, यस वर्ष समस्या झन बढेको छ, सप्तकोसी नगरपालिका १ का किसान तुलाराम लुइँटेल भन्छन्, 'गत वर्षसम्म बोरामा २/३ सयसम्मको फरक हुन्थ्यो । यो वर्ष एकै पटक १ हजार ५ सयसम्म थप मूल्य तिर्नुपरेको छ।' प्रतिबोरा ३ हजार ५ सय रुपैयाँ तिर्न तयार हुँदा पनि नपाएपछि कृषक हरु ले खेत डिएपी मलबिनै रोपाइँ गरेका छन् ।

तर, किसानको समस्याका विषयमा तीनै तहका सरकार भने मौन छन् । यस सम्बन्धमा सरकारले हालसम्म पनि कुनै सुधारयोग्य कदम चाल्न सकेको छैनयस्तो छ सप्तरीमा मलको उपलब्धता र अवस्था सप्तरीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले रासायनिक मलको खरिदबिक्री गर्दै आएका छन् । कृषि सामग्रीलाई ७० र साल्ट ट्रेडिङलाई ३० प्रतिशत मल खरिदबिक्री गर्ने अनुमति छ ।

यी दुवै संस्थालाई व्यापारी र किसानलाई सिधा मल बिक्रीवितरण गर्ने अधिकार नभएकाले स्थानीय तहको सिफारिसमा सहकारीमार्फत जिल्लाभर मलको वितरण गर्ने व्यवस्था गरिएको छ । कृषि सामग्रीले १ सय ४० र साल्ट ट्रेडिङले १ सय ७८ सहकारी संस्थामार्फत प्राप्त मल किसानसम्म पुऱ्याउँछन् ।


# सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल, मोटरसाइकल, गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरून्त पाउनुका साथै

**प्रो.केदार श्रेष्ठ**

**माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर**

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१

# खुशीको खवर ! खुशीको खवर !!

## अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरू**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

**सम्पर्क स्थान**

**N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक**

**सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३**

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।




# सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

**हाम्रा सेवाहरुः**

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेडगा, टूप्स लेडिज गाउनलगायतका सामान हरु सुफत मुल्यमा उपलब्ध गराइन्छ।

**जेके स्टोर सप्तकोसी १ फतेपुर**

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३

# तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरू**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

**सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७**

# २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

- डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ
- डा.अनिता बर्मा, जनरल फिजिसियन
- डा. बद्रीप्रसाद भट्टराई
- डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
- डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

**स्पोर्ट सेवाहरुः**

इमर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।




**एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२**

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।*

## माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्कः ९८०३८१९७२१* Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY

## सम्पादकीय...........

### संविधान दिवसको सार्थकता

नेपली इतिहासमा झण्डै ७ दशक पछि जनताका प्रतिनीधिहरूले बनाएको संविधान जारी भएको छ । जनताका प्रतिनीधिहरूले जारी गरेको संविधान असोज ३ गते पाँच बर्ष पुगेको अवसरमा देशभर संविधान दिवससमेत मनाइएको छ । सार्वभौमिकताको क्षेत्र बलियो हुने गरि नेपाली राज्य, अर्थतन्त्र, सामाजिक एकता र शान्ति कायम गर्ने एउटा संकल्पसहितको संविधानले आम नेपालीहरू हक अधिकार संविधानमैं लिपी बद्ध गरेको नेपलाी जनताको प्रत्यक्ष संलग्नतामा बनाएको यो पहिलो संविधान हो ।

संविधानले आम नागरिकका अधिकार समेटेको छ । तीन तहको सरकारको परिकल्पना गरि विगतमा सिंहदरवार केन्द्रित शासन सत्ता जनतासम्म पुऱ्याएको छ । यही २०७२ साउन असोज ३ गते जारी गरिएको संविधानले स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारको व्यवस्था गरेको छ । संविधान अनुसार तीनै तहको सरकार निर्माण गरि संघीयताको अभ्यासमा नेपाल बामे सरिरहेको अवस्था छ ।

संविधान निर्माणसँगै जनताका अधिकार संविधानमा उल्लेख भए तर उक्त संविधानलाई कार्यन्वय गर्न आवश्यक कानुन निर्माण र पूर्ण कार्यन्वय गर्नु तीनै तहका सरकारको पहिलो प्राथमिकता हो ।संविधान कार्यन्वयलाई प्राथमिकतामा राज्यले राख्न सकेन भने जनतालाई 'जुन जोगी आए पनि कानै फुटेको' भन्ने भान हुने छ । सरकारले धमाधम कानुन निर्माण गरेर संविधान कार्यन्वय गरि जनताका अधिकार सुरक्षित गर्न सक्नु नै संविधान दिवसको सार्थकता हुने छ ।

### ☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्बुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# नेपालको संविधान २०७२ को विशेषताहरु

लालबाबु यादव




नेपालको इतिहासमा करिब ६५ वर्षपछि आमनेपाली जनताको आफ्नो संविधान आफैं बनाउने सपना साकार भएको छ । यसले नेपाली नागरिकलाई सार्वभौम मानेको छ । तर, सार्वभौमिकताको क्षेत्र बलियो हुन नेपाली राज्य, अर्थतन्त्र, सामाजिक एकता र शान्ति कायम गर्न आवश्यक छ । संविधानसभाले २०७२ असोज ३ गते नेपालको संविधान २०७२ लाई दुई तिहाइभन्दा बढी संविधानसभाका सदस्यहरूबाट अनुमोदन गरेको छ । ६ सय १ संविधानसभा सदस्यहरूमा वर्तमान संविधानसभाका सदस्य ५९८ मा ५३२ सदस्य मतदानमा भाग लिए । जसमध्ये ५ सय ७ सदस्यहरूले वर्तमान नेपालको संविधान २०७२ को पक्षमा मतदान गरे भने २५ जना संविधानसभाको सदस्य ९रा।प्रा।पा– नेपाल० ले विपक्षमा मतदान गरे । यसरी वर्तमान नेपालको संविधान २०७२ लाई ९० प्रतिशतभन्दा बढी बहुमतबाट स्वीकृत भएको छ । यो संविधानलाई २०७२ साल असोज ३ गते नेपालका प्रथम राष्ट्रपति डा।रामवरण यादवद्वारा संविधानसभामा घोषणा गरी लागू गर्नुभयो । यो संविधानमा मधेसी समुदायका ६७ सभासद्ले पक्षमा मतदान गरेका छन् भने २७ जना मधेसी समुदायका सभासद् विपक्षमा रहे । त्यस्तै, ४० जना दलित समूहका सभासद्मध्ये एक जना डीबी नेपाली मात्र विपक्षमा थिए भने ४ जना बाहुन समुदाय र १ सय २१ जना जनजाति सभासद्मध्ये अशोक राई मात्रै विपक्षमा रहे । यसबाट संविधानले कानुनी र राजनीतिक वैधानिकता प्राप्त गरेको छ । संविधानको आउँदो चुनौती यसको सही कार्यान्वयन हो ।

नेपालको संविधान २०७२ को घोषणा भएपछि नेपालमा हर्षोल्लासको वातावरण देखियो तर मधेसमा भने यो संविधानको विरोधमा हिंसात्मक द्वन्द्व सुरु भयो । जसमा ४० जनाभन्दा बढी नेपालीले सहादत प्राप्त गरे । हुन त दोस्रो संविधानसभाको निर्वाचनमा तराईरमधेसमा ९२४० स्थानमध्ये ११६ स्थानमा ० नेपाली कांग्रेस ५२, नेकपा ९एमाले० ३७, एनेकपा ९माओवादी० १६ र मधेसी दलले १२ स्थान पाएका थिए । अहिले शक्ति सन्तुलन परिवर्तन भएको छ । नेपालको वर्तमान संविधानले नेपालका विगत संविधानहरूभन्दा धेरै बढी नागरिक अधिकार दिएको छ । तर, तराईरमधेसमा नागरिकता, समानुपातिक समावेशी प्रतिनिधित्व प्रणाली र संघीयतासम्बन्धी आदिमा असन्तुष्टि रहेको छ । यस संविधानमा ३५ भाग, ३०८ धाराहरू र ९ वटा अनुसँचीहरू छन् । यसका प्रमुख विशेषताहरू हुन् स्ल नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हुनेछ ।

■ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भौगोलिक विविधताको एकता गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद आदिको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

■ भाग-१ ९२० यो संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।

ल धारा २ स् नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ ।

■ धारा ६ स् नेपालमा बोल्ने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् ।

■ भाग १ को धार ७ को २ मा स् नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कामकाजको भाषा निर्धारण गरिनेछ ।

नागरिकताभाग २ को धारा १० को २ मा नेपालमा प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।

भाग २ को धारा ११ को ३ मा स् नेपालको नागकिता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

भाग २ को धारा ११ को ५ मा स् नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ ।

भाग २ को धारा ११ को ६ स् नेपाली नागरिकसँग वैवाहिक सम्वन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।

भाग २ को धारा १२ मा नेपालको नागगिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाण-पत्र पाउन सक्नेछ ।

तराई-मधेसको आन्दोलन र संयुक्त मधेसी मोर्चाले नेपालको संविधानमा मधेस आन्दोलन, समानुपातिक समावेशी प्रतिनिधित्व प्रणाली, नागरिकता, निर्वाचन क्षेत्र, संघीयता तथा विगतमा भएको ८ र २२ बुदे सहमतिको मुद्दा उठाएको छ । हुन त ३५ वटा बुदामा संशोधनको प्रस्ताव आए पनि मोर्चाका राजनीतिक दलले यसलाई हाम्रो माग होइन भन्ने सञ्चारमार्फत आएको छ । त्यस्तै, छिमेकी मुलकबाट पनि वर्तमान नेपालको संविधानमा ७ बुदे संशोधनको प्रस्ताव सञ्चार माध्यमबाट आए पनि कूटनीतिक स्तरबाट यो हाम्रो औपचारिक माग होइन भन्ने वक्तव्य आइसकेको छ ।

बाँकी चार पृष्ठमा

# चिकेन गुनियानको खतरा

डा. अरुणकुमार सिंह

सन् १९५२ मा तान्जानियामा पहिलोपटक देखिएको चिकनगुनिया विस्तारै पश्चिम, मध्य र दक्षिण अफ्रिकी क्षेत्र हुँदै एसियामा आएको हो। भारतको हरेक क्षेत्रमा यो रोग देखिएको छ। नेपालमा भने यसको कुनै डाटा छैन, २०१३ मे मा ३ जनालाई भएको थियो। भारत आवत-जावत भइरहन्छ। चिकित्सकलाई पनि चिकनगुनिया बारे सोच्नुपर्ने अवस्था आएको छ।

**चिकनगुनिया के हो ?**

चिकनगुनिया भाइरसबाट हुने सङ्क्रमण हो। यो लामखुट्टेको सहयोगले सर्छ। यो सङ्क्रमण एडिस एजिप्टी र एडिस एल्वोपिक्टस जातको सङ्क्रमित लामखुट्टेले टोक्दा सर्छ। यो लामखुट्टे डेङ्गु भाइरससमेत सार्छ। दिनको उज्यालोमा टोक्ने यी लामखुट्टे बिहान र अपराहनपछि बढी सक्रिय हुन्छन्। एडिस एजिप्टीले घरभित्रसमेत टोक्ने गरेको छ। यसको सङ्क्रमण प्रत्यक्ष रूपमा नसर्ने जनाएको छ। 'चिकनगुनिया' अफ्रिकी शब्द हो, जसको शाब्दिक अर्थ 'मोडिदिनु' भन्ने हुन्छ। यसको सङ्क्रमण हुँदा उच्च ज्वरो आउँछ र हाडजोर्नी दुख्छ। मांसपेशीको दुखाइ, टाउको दुख्नु, वाक्वाकी लाग्नु, थकान र शरीरभरि बिमिरा निस्कनु यसका अन्य लक्षण हुन्। यो रोगको कुनै निदान छैन। यसको उपचार लक्षणका आधारमा गरिन्छ। सङ्क्रमित लामखुट्टेले टोकेको दुईदेखि आठ दिनपछि सामान्य व्यक्ति बिरामी पर्न सक्छ। यो अवधि दुईदेखि १२ दिनसम्मसमेत हुनसक्छ।

**चिकनगुनियाको लक्षण के के हुन् ?**

लामखुट्टेले टोकेको दुईदेखि आठ दिनपछि चिकनगुनियाको लक्षण देखिन्छ। यसका लक्षणहरू यसप्रकार छन्:

-चिसोले गर्दा अचानक ज्वरो चढ्नु,
-टाउको, मांसपेशीहरू तथा जोर्नीहरूमा दुखाइ हुनु,
-अत्यधिक कमजोरी महसुस हुनु, भोक नलाग्नु,
-जिब्रोले स्वाद थाहा नपाउनु,
-घाँटीमा हल्का दुखाइ हुनु,
-शरीरमा राता तथा गुलाबी रङका बिमिरा देखिन सक्छ। अनुहार, घाँटी तथा छातीमा देखिन सक्छ।
-प्रकाश सहन नसक्नु आदि।

**चिकनगुनियाको निदान (Diagnosis) के हो ?**

Complete Blood Count (CBC) Test : रक्तपरीक्षणमा सफेद रक्तकण (White Blood Cells) र Platelet Count कमी देखिएमा चिकनगुनिया भएको आशङ्का हुन्छ।

Reverse Transcriptase - Polymerase Chain Reaction (RT-PCR) Test : यो रक्तपरीक्षणमा चिकनगुनियाको Gene (जिन)को जाँच गरिन्छ।

Isolation : सङ्क्रमणको शुरुवातको दिनमा रगतमा चिकनगुनियाको वायरसको परीक्षण गर्ने जाँच हो।

Enzyme-Linked Immunosorbent assays (ELISA) Test मा रक्त जाँचमा चिकनगुनियाको antibodies एण्टीबडी रक्तमा छ या छैन भन्ने जाँच गरिन्छ। पीडित व्यक्तिमा डेङ्गु हो या चिकनगुनिया के छ भन्ने बारे यस जाँचले पत्ता लाग्छ।

**चिकनगुनियाको उपचारके हो ?**

चिकनगुनियाको विषाणु शरीरभित्रै नष्ट गर्ने कुनै विशेष औषधि या भ्याक्सिन हाल उपलब्ध छैन। चिकित्सकहरूले चिकनगुनियाको उपचार लाक्षणिक आधारमा औषधि दिन्छन्। ज्वरो कम गर्ने प्यारासिटामोल दिन्छन्। दुखाइ कम गर्नको लागि दुखाइ कम गर्ने औषधि दिने गर्छन्।

**चिकनगुनियाबाट बच्ने उपाय के हो ?**

चिकनगुनियाको ज्वरोको मुख्य कारण भाइरसबाट हुने भएकाले यसको ठोस उपचार हुँदैन। ज्वरो घटाउन सिटामोल दिने गरिन्छ। प्रशस्त मात्रामा झोल पदार्थ खानुपर्छ। चिकनगुनियाविरुद्ध खोप तथा ठोस उपचार नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने मुख्य उपाय हो। एक व्यक्तिबाट अर्को व्यक्तिमा भने चिकनगुनिया सर्दैन। चिकनगुनिया रोगको कुनै खास औषधि नभएकाले चिकनगुनिया सार्ने लामखुट्टेबाट जोगिनु नै यसको प्रमुख उपाय हो। खुला ठाउँमा पानी जम्न दिनुहुन्न। भाँडामा पानी जम्मा गर्नुहुन्छ भने छोपेर राख्नुपर्छ, खुला ठाउँ अर्थात् गमला, भाँडाकुँडाजस्ता स्थानमा कहिल्यै पनि पानी जम्न दिन हुँदैन।

पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फूलदानी, खाली बट्टा, मट्टितेलका खाली ड्रमहरू, गाडीको काम नलाग्ने टायर आदिमा पानी जम्न नदिने उपाय गर्नु पर्दछ। पानीका ट्याङ्कीमा लामखुट्टे प्रवेश गर्न नदिन ढाकेर राख्नुपर्छ।

कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक-दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने गर्नुपर्छ। फूलदानीमा रहेको पानी हप्तामा दुईपटक फेर्नुपर्छ। प्रायः पूरा बाहुला भएको वा शरीर पूरै ढाकिने लुगा लगाउनु पर्छ। सुत्दा झुल प्रयोग गर्नु पर्छ। साथै साना केटाकेटीलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनु पर्छ। लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम पनि दल्न सकिन्छ। घरका झ्याल-ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ। घर वरिपरि सफा-सुग्घर राख्ने, पानी जम्ने खाल्डाखुल्डी भएमा पुर्ने गर्नुपर्छ। ***(लेखकः सिंह बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका बालरोग विशेषज्ञ तथा उप-प्राध्यापक हुन्।)***




## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# संविधानका विशेषताहरु

**२ पेजमबाट क्रमशः ......**

तापनि प्रमुख राजनीतिक दल र संयुक्त मधेसी मोर्चाबीच वर्तमान नेपालको संविधानमा संशोधन गरिनेछ भन्ने प्रतिबद्धता भएको छ त्यस अनुसार नेपाली कांग्रेस, नेकपा ९एमाले० र एनेकपा माओवादीबाट एक-एक जना प्रतिनिधि गरी जम्मा ६ जनाको समिति गठन भयो। जसमा संयुक्त मधेसी मोर्चा र प्रमुख राजनीतिक दलहरूबीचको मागहरू उल्लेख गरेको छ।

मधेसी आन्दोलनलाई पनि अन्य आन्दोलनसरह संविधानमा उल्लेख गर्नुपर्ने विषयमा राजनीतिक दलहरूबीच सहमति भइसकेको कुरा बाहिर आइसकेको छ। त्यस्तै समानुपातिक समावेशी प्रतिनिधित्व पनि संविधान संशोधनमा व्यवस्थित गर्ने भन्ने सहमति भएको छ। नागरिकतासम्बन्धी कुरामा नेपाली नागरिकको विदेशी महिलासँग विवाह गरेमा संघीय कानुन अनुसार विदेशी नागरिकता त्यागेमा नेपालको अंगीकृत नागरिकता दिइनेछ। जबकि भारतमा कुनै पनि महिलालाई कम्तीमा ५ वर्ष स्थायी रूपले बसोवास गर्नुपर्ने हुन्छ। साथै सुरक्षाको कर्मचारी र सेनाका कर्मचारीलाई विदेशी महिलासँग विवाह गर्नका लागि अलग नियम बनाइएको छ।

नेपालको अंगीकृत नागरिकले पनि वंशजको नागरिकसरह मुलुकको सर्वोच्च पद जस्तै राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधि सभाका सभा प्रमुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री जस्ता महत्त्वपूर्ण पदमा समानता पाउनुपर्छ। यसले गर्दा वंशज र अंगीकृतमा कुनै पनि प्रकारको अन्तर देखिँदैन। यसले वंशजको आधारमा भएका नेपाली नागरिकलाई अन्याय हुन जान्छ। जस्तै संयुक्त राज्य अमेरिकामा अमेरिकाको भूमिमा जन्म लिने व्यक्तिमात्र त्यहाँका राष्ट्रपतिका लागि उम्मेदवार हुनसक्छ। हिन्दुस्तानमा १९५० मा तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले राजा होलकरको विदेशी पत्नीको सन्तानलाई उत्तराधिकारीको मान्यता दिएनन्। त्यस्तै, हिन्दुस्तानका फिल्म अभिनेत्री सोनाली इटालीमा ९ वर्ष स्थायी रूपमा बसोवास गरे तापनि नगरपालिकाको निर्वाचनमा उम्मेदवारी हुन पाइनन्। हालसाल हिन्दुस्तानमा भारतीय कांग्रेसको बहुमत र संसदीय दलको नेता सोनिया गान्धीलाई इटालीमा जन्म भएकाले वर्तमान प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीले नै सबभन्दा बढी विरोध गर्नुभएको थियो।

नेपालको संविधानमा मधेसी, महिला, दलित, थारू, मुस्लिम समुदायलाई निम्न प्रकार उल्लेख गरेको छ।

■ नेपालको संविधानको प्रस्तावनामा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने

■ मधेस आन्दोलन समानुपातिक समावेशी सहभागितामूलक प्रतिनिधित्व उल्लेख गर्ने भन्ने राजनीति दलहरूबीच सहमति भइसकेको छ।

■ भाग ३ को धारा १३ ९३० मा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेसी, थारू, मुस्लिम, दलित र महिला ९मधेसीसहित०को संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गरिनेछ।

■ भाग ३ को धारा ३ ९३० मा ऽ नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदाय ९मधेसी, थारू, मुस्लिमसहित० लाई आफ्नो भाषा, लिपि संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ।

■ भाग ३ को धारा ३३ मा प्रत्येक नागरिकलाई ९मधेसी, थारू, मुस्लिम, महिला० रोजगारीको हक हुनेछ। उक्त व्यवस्था संघीय कानुनबमोजिम हुनेछ।

भाग ३ को धारा ४२ को ९१० मा

सामाजिक रूपले पछाडि परेका मधेसी, थारू, मुस्लिम, महिला र दलित ९मधेसी०लाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

भाग ४ को धारा ५० को ९१० मा समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनको सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने।

भाग ४ को धारा ५१ ९ञऽ१०० मा मधेसी समुदाय, मुस्लिम आदिलाई सामाजिक तथा सांस्कृतिक अवसर लाभको समान वितरण, संरक्षण, उत्थान, सशक्तीकरण र विकासको अवसर तथा लाभका लागि विशेष व्यस्था गरिनेछ।

भाग २८ को धारा २६७ को ३ मा नेपाली सेनामा मधेशी, थारू, मुस्लिम, महिला, दलित ९मधेसीसहित० प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानुनबमोजिम सुनिश्चित गरिनेछ।

भाग ३२ धारा २८५ को २ मा ऽ संघीय निजामती सेवालगायत सबै संघीय सरकारी सेवामा प्रतियोगात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछ।

साथै प्रदेश, मन्त्रिपरिषद्, गाउँकार्यपालिका र नगरकार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन्।

निर्वाचनसम्बन्धी व्यवस्था

भाग ८ को धारा ८४ ९१को क०मा नेपाललाई भूगोल र जनसंख्याको आधारमा एक १६५ निर्वाचन क्षेत्र कायम गर्ने र प्रत्येक क्षेत्रबाट एक जनाको सामान्य वहुमतिय प्रणालीद्वारा जम्मा १६५ जनाको प्रतिनिधिसभा हुने व्यवस्था भएको छ।

प्रतिनिधि सभाको क्षेत्र निर्धारण गर्दा जनसंख्या र भूगोललाई मध्यनजर गर्दै निर्धारण गर्नुपर्छ। यसमा हिमाली क्षेत्रमा प्रत्येक जिल्लाका कम्तीमा एक जना प्रतिनिधित्व हुने गरी बाँकी जनसंख्याको आधारमा क्षेत्र निर्धारण गरिने छ। यस अनुसार पछाडिका क्षेत्रमा सिटको संख्यामा केही कम हुनेछ। यो व्यवस्थाअनुसार प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचन हुने कुल संख्याको ९१६५० को करिब ८० वटा क्षेत्र तराईरमधेसमा पर्छन् तर यसको वैज्ञानिक र व्यावहारिक निष्पक्ष क्षेत्र निर्धारणका लागि नेपालको संविधानको भाग ३२ को धारा २८६ को ९५० निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा जनसंख्या र भूगोलको सन्तुलन मिलाएर क्षेत्र निर्धारण गर्नेछन्। साथै प्रतिनिधि सभाका समानुपातिक निर्वाचन प्रणाली अन्तरगत १ सय १० सदस्यमा राजनीतिक दलहरूले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा मधेसी, थारू, मुस्लिम, महिला, दलित आदिलाई बन्दसँचीका आधारमा प्रतिनिधित्व गराइनेछ। त्यस्तै, माथिल्लो सदन राष्ट्रिय सभामा जम्मा ५९ सदस्य हुनेछन् र प्रत्येक प्रदेशबाट तीन जना महिला, एक जना दलित र एक जना अपांग वा अल्पसंख्यकसहित आठ जना गरी निर्वाचित ५६ जना हुनेछन्। नेपाल सरकारको सिफारिसमा एक जना महिलासहित तीन जना हुनेछन्।

संघीय शासन व्यवस्थामा प्रदेशको निर्माण

नेपालको संविधानको भाग १३ देखि १६ र धारा १६२ देखि २१३ सम्म उल्लेख गरिएको छ। राजनीतिक दलको १६ बुदे सहमतिमा सात वटा प्रदेश निर्माण गर्ने सहमति भएको र त्यही अनुसार सीमांकन पनि गरिएको छ। उक्त प्रदेशको नामांकन र राजधानी विकेन्द्रीकरणको आधारमा प्रदेशले दुई तिहाइको आधारमा निर्णय गर्नेछन्। तर, यसमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले विरोध गरी आन्दोलनमा आएको छ। आन्दोलनले हिंसात्मक रूप लिएको छ र यसमा करिब ४० जनाभन्दा बढीको मृत्यु भइसकेको छ। चाहे राज्यको आतंकको तर्फ वा होऽ वा समाजतर्फ मर्ने त नेपाली नै हुन, करिब दुई महिनादेखि बन्द, हड्तालले गर्दा सम्पूर्ण नेपालीको दैनिक जीवन अस्तव्यस्त भइसकेको छ। दिनको अर्बौंको घाटा छ। सबभन्दा बढी साधारण मजदुरी गरी जीवनयापन गर्ने व्यक्तिलाई कठिन छ तर सरकार र आन्दोलनकारी पक्ष यसमा गम्भीर भएको देखिँदैन। विश्वमा कही पनि हिंसाले लक्ष्य प्राप्त गर्ने र समस्याको समाधान भएको इतिहास छैन। लोकतान्त्रिक शासन व्यवस्थामा कुनै पनि समस्याको समाधान वार्ता नै हो र वार्ता भनेको दुवै पक्षबाट केही छोडने र केही कुरामा सम्झौता गर्नुपर्छ।

प्रदेशको निर्माण प्राविधिक विषय हुनाले यसमा संघीय व्यवस्था आयोग गठन गरिनुपर्छ। उक्त आयोगमा निष्पक्ष रूपले राजनीतिशास्त्री, इतिहास, भूगोल, मानवशास्त्री आदिलाई संलग्न गरी निष्पक्ष रूपले कुनै राजनीति नेता वा समूहको नभई मुलकको क्षमता, संस्कृति, समाजको आधारमा निर्णय गर्नुपर्छ। यसरी जनताबाट निर्वाचित संविधानसभाबाट निर्माण हुने लोकतान्त्रिक, समावेशी संविधान विश्वका लागि उदाहरण बनेको छ। त्यस कारण यसमा सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइ तथा विदेशी समुदायको समर्थन र सहयोग हुनेछ। साथै संविधान सहमतिको दस्तावेज निरन्तर गतिशील र जनताको इच्छा, आकांक्षा अनुसार परिवर्तनशील भएको हुनाले आगामी दिनमा समानुपातिक, विभिन्न आयोग गरी १० वटा आयोग गठन गर्ने व्यवस्था गर्नेछ। यसबाट नेपाली राज्य, राष्ट्र र दिगो समुदायको निर्माण हुन्छ र भूकम्प, मधेसी समस्याको समाधानलगायत पुनर्निर्माणको कार्यक्रमलाई अघि बढाउन सकिन्छ। लोकतन्त्र संवाद, सहमति र सहकार्यमा आधारित हुन्छ। लोकतन्त्रले वैधानिक माँगहरू पूरा गर्न सक्दछ तर त्यो विवेकपूर्ण हुनुपर्दछ। र, राज्यको अखण्डता, स्वाधीनता र स्वतन्त्रताको क्षेत्र र प्रारूपमा हुनुपर्दछ। अब भविष्यको हाम्रो दायित्व स-साना पहिचान बोकेकालाई राष्ट्रिय पहिचान भएका नागरिकमा रूपान्तरण गर्नुपर्दछ। हाम्रो समान पृष्ठभूमि हाम्रो संस्कृति, सहअस्तित्व र विविधताप्रति सहिष्णुता हुने नागरिक नै हो। यसैको आधारमा हामीले संवैधानिक आचरणको विकास गर्नुपर्दछ। यसबाट नेपाली नागरिकले स्वतन्त्रता, दिगो विकास र सामाजिक शान्ति प्राप्त गर्दै विश्व जगत्मा आफ्नो सभ्यताको परिचय दिन सक्नेछन्(*नेपाली पत्रबाट*)



# अन्तर मावि फुटवल प्रतियोगिता सम्पन्न



फत्तेपुर / राष्ट्रिय बाल दिवस को अबसरमा सप्तकोसी नगरपालिका महिला तथा बालबालिका शाखाले आयोजना गरेको नगर स्तरिय अन्तर मा बि फुटबल प्रतियोगिता को उपाधी जनता मा बि भगनी ले जितेको छ।जित सगै उक्त बिधालय ले नगद रु ५ हजार र ट्रफी हात पारेको छ भने दोस्रो हुन सफल रा मा बि फत्तेपुर ले नगद रु ३ हजार सगै ट्रफी हात पारेको छ ।

अत्यन्त प्रतिस्पर्धात्मक रहेको खेलमा दुबै पक्ष बाट एक एक गोल भए पछि खेल पेनाल्टी सुट आउट मा पुगेको थियो ।पेनाल्टी मा ज मा बि भगनी ले ३ का विरुद्ध ४ गोल गर्दै बिजयी भएको थियो।

खेल मा उत्कृष्ट खेल प्रदर्शन गरेका रा मा बि फत्तेपुर का अनिस थापा उत्कृष्ट खेलाडी भए भने ज मा बि भगनी का बिबेक चौधरी उत्कृष्ट गोल किपर घोसित भए । राष्ट्रिय बाल दिवस को अबसरमा गत साउन २९ गते बाट संचालित खेल मा नगरका ८ वटा बिधालय ले भाग लिएका थिए।समापन कार्यक्रममा प्रथम र दोस्रो टिम ला क्रमश: नगर प्रमुख उत्तम गौतम र उप प्रमुख आशा चौधरी ले पुरस्कार बितरण गरेका थिए।नगर बाल सन्जाल का अध्यक्ष नबराज अधिकारी को अध्यक्षता मा संचालित कार्यक्रम को सन्चालन महिला तथा वालबालिका शाखा प्रमुख बिष्णु माया नेपाल ले गरेकी थिइन ।

# स्वास्थ्य शिविरमा ३६५ जना विमारी लाभान्वित

फत्तेपुर / सुन्दर ढोका साथी सेवा ललितपुरको आयोजना तथा सप्तकोसी नगरपालिकाको सहकार्य एक दिने स्वास्थय शिबिर मङलबार स्वास्थ चौकी फत्तेपुरमा सप्पन्न भएको छ।

शिबिर महिला, बालबालिका र जनरल तर्फ का गरि कुल ३ सय ६५ जना बिरामीको स्वास्थ परीक्षण गरिएको स्वास्थय चौकी फत्तेपुरका प्रमुख अनिलकुमार चौधरीले जानकारी दिए । शिबिरमा फत्तेपुर, ओद्राहा, कमलपुर, उदयपुरको सुन्दरपुर ,बसाह,तपेश्वरी सम्मका बिरामीको स्वास्थ्य परीक्षण गरिएको थियो ।


**खगेन्द्र कार्की**
९८४२०९२१०७
९८०७७४३२०२

**शंकर कार्की**
९८६३९०८७४९

## जनता बुक्स एण्ड स्टेसनरी

सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु

यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।



## चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**चौदण्डी नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**कञ्चनरुप नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**



## अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



**प्रो.पपुलर चौधरी**
**सप्तकोसी डेन्टल क्लिनिक**
सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन
सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७



publicnews8@gmail.com/ ९८५२०४७७७९/९८४२०९२१०७

LOG ON...www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार